# पाख्रीबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### पाख्रीबास, धनकुटा

२०७३

१ नं.प्रदेश नेपाल

पाख्रीबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाख्रीबास, धनकुटा १ नं प्रदेश, नेपाल २०७३

प.सं.:-२०७६/०७७
च.नं.:- 2043

मिति :२०७६/११/२३

विषय :- **सतर्कता सम्बन्धी सूचना**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय धनकुटाको प.सं. २०७६/७७/स्था.प्र. च.नं.१९१९ मिति २०७६/११/२२ को पत्र अनुसार हाल विश्वमा COVID-19 (नोबेल कोरोना भाइरस) को संक्रमण छिमेकी मुलुक चीन लगायत अन्य देशहरुमा समेत तिव्रतर रुपमा फैलिरहेको अवश्था छ । जसको कारण विश्व स्वास्थ्य सगंठनले Public Health Emergency Of International Concern (PHEIC) समेत घोषणा गरेको अवस्थामा नेपाल पनि यसको उच्च जोखिममा रहेको छ । नेपाल सरकारका विभिन्न निकायहरुले विद्यमान परिस्थितिलाई मध्यनजर गर्दै सार्वजनिक भेला, छलफल,अन्तरक्रिया,सभा सम्मेलन,बैठक,प्रदर्शन,मेला,जात्रा,महोत्सव जस्ता कार्यक्रमहरु नगर्न आव्हान गरेको विभिन्न संचारका माध्यमहरु मार्फत सर्वविदितै छ । अत: यस पाख्रीबास नगरपालिकामा पनि नोबेल कोरोना भाइरस सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,सुरक्षा सतकर्ता अपनाउने,व्यक्तिगत सरसफाईमा ध्यान दिई सो को संक्रमण हुनबाट बच्न /बचाउन अपनाउनुपर्ने तथा अवलम्बन गर्नुपर्ने उपायहरुका सम्बन्धमा प्रचार प्रसार गर्न गराउन यस नगरपालिका अन्तर्गतका विषयगत शाखाहरु, वडा कार्यालयहरु, बिद्यालयहरु,सम्बन्धित सबैमा कार्यक्रमहरु तत्काललाई स्थगित गरी/गराई सम्भावित संक्रमणलाई रोक्न आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ ।

०७६/११/२३

(डिकवहादुर राई)
नि. प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

नि. प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)